**प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र विकास कार्यक्रम (संचालन कार्यविधि) (चौथो संसोधन), नियमावली, २०७९**

प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र विकास कार्यक्रम (संचालन कार्यविध), नियमावली, २०७७ लाई संसोधन गर्न वाञ्छनीय भएकोले,

प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायको नियमहरु बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः-** (१) यी नियमहरुको नाम “ प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) (चौथो संसोधन), नियमावली,२०७९ रहेको छ।

२. यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

**२. प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र विकास मूल नियमावलीको नियम १ को उपनियम (१) र (३), नियम २ को उपनियम (क, ख, ग, घ, ङ, ञ ) र नियम १७ मा संशोधनः** मूल नियमावलीको नियम १ को उपनियम (१), (३), नियम २ को उपनियम (क, ख, ग, घ, ङ, ञ ) र नियम १७ मा रहेको "प्रदेश नं. २" भन्ने शब्दको सट्टा " मधेश प्रदेश " भन्ने शब्द राखिएको छ।

**३. मूल नियमावलीको नियम ३ को उपनियम (३) मा संशोधनः** मूल नियमावलीको नियम ३ को उपनियम (३) मा रहेको " पौष मसान्त " भन्ने शब्दको सट्टा " श्रावण मसान्त" भन्ने शब्द राखिएको छ।

**४. मूल नियमावलीको नियम ४ को उपनियम (४) मा संशोधनः** मूल नियमावलीको नियम ४ को उपनियम (४) मा रहेको " सताईस " भन्ने शब्दको सट्टा " बाह्र (१२)" भन्ने शब्द र "दश(१०)" भन्ने शब्दको सट्टा " चार (४)" भन्ने शब्द राखिएको छ।

**५. मूल नियमावलीको नियम ४ को उपनियम (५) मा संशोधनः** मूल नियमावलीको नियम ४ को उपनियम ५ झिकिएको छ।

दीपक कुमार दास
सचिव